"घोराही उपमहानगरपालिकाको योजना, कार्यक्रम तथा सार्वजनिक सेवा, सुविधाको प्रभावकारिता सम्बन्धमा"

# वार्षिक सार्वजनिक सुनवाइ

आ.व ०८०/०८१

# कार्यक्रम प्रतिवेदन

समाजका लागि सञ्चार पैरवी नेपाल

दाङ

घोराही उपमहानगरपालिका,

दाङ

# बिषयसूची

**१. भूमिका**......3

२. सार्वजनिक सुनुवाईको औचित्य ......3

३.कार्यक्रमको उद्देश्य :......4

५. कार्यक्रम सञ्चालनको स्थान, मिति र समय :......4

६. सार्वजनिक सुनुवाई सञ्चालन विधि :......4

७. औपचारीक कार्यक्रम :......5

९. उठेका प्रश्न र जिज्ञासा र उत्तर :......7

१०. सार्वजनिक प्रतिबद्धता सार्वजनिकिकरण......13

११. कार्यक्रमको समापन ......13

१०. फोटोहरु......14

## १. भूमिका

नेपालको संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभुति गर्ने व्यवस्था गरेको छ । नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धती अनुसार विकासका प्रयासहरुलाई स्थानीय तहबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । यी ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाईरहेको छन् । सेवाग्राही नागरीकहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय तहहरुलाई सफल एवम् सबल निकायको रुपमा स्थापित समेत गर्नको लागि नेपाल सरकारले विभिन्न अनुगमन संयन्त्रहरु बनाएको छ । यि अनुगमन सुचकहरुको अग्रपक्तिंमा सार्वजनिक सुनुवाई पनि पर्न आउँदछ । स्थानीय तहहरु सञ्चालन गर्न बनेका ऐन तथा नियमहरुले स्थानीय तहहरुले एक आ.व.को चौमासीक वा त्रैमासिकमा सम्पादन गरेका कार्यहरुको सार्वजनिक सुनुवाई वर्षको कम्तिमा तीन वा चार पटक गर्ने गरी व्यवस्था मिलाइएको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले स्थानीय निकायको सञ्चालन प्रक्रिया तथा अपनाउनु पर्ने सुशासनको प्रत्याभूतिको लागि गर्नुपर्ने कार्यक्रमहरुको पनि स्पष्ट व्यवस्था गरेको छ । ती व्यवस्थाहरु मध्ये सार्वजनिक सुनुवाई कार्यक्रम पनि एक हो । ऐन तथा नियमावलीहरुले गरेको व्यवस्थालाई सरल तथा प्रभावकारी ढंगले सञ्चालन गर्न सजिलो होस् भनी नेपाल सरकारले सार्वजनिक सुनुवाई कार्यविधी २०६७ कार्यान्वयनमा ल्याएको छ । यस निर्देशिका बमोजिम कुनै पनि स्थानीय तहहरुले वर्षको कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने तथा सो कार्य कुनै पनि परामर्श, दातृ संस्था वा विज्ञहरुको सहजीकरणमा सो कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गरेको छ । यिनै कुराहरुलाई ध्यानमा राख्दै यस घोराही उपमहानगरपालिकाले आ.व. २०८०/०८१ को एक वर्ष अवधिमा सञ्चालन गरेका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्न समाजका लागि सञ्चार पैरवी नेपाललाई जिम्मेवारी दिएको सन्दर्भमा यस संस्थाको प्राविधिक सहयोगमा सञ्चालन भएको सार्वजनिक सुनुवाइ कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

## २. सार्वजनिक सुनुवाईको औचित्य

स्थानिय सरकार शासन सञ्चालन २०७४, तथा स्थानिय तहका लागि निर्माण गरिएको सुशासन प्रर्वद्धन कार्यनीति २०७७ ले हरेक स्थानीय तहले आफ्नो पालिकाले एक चौमासीक, त्रैमासीक वा वर्षभरी सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाइ गर्नु पर्ने कुरा उल्लेख गरेको छ । घोराही उपमहानगरपालिकामा आ.व. २०८०।८१ भित्र सञ्चालन गरेका विकास निर्माण कार्यहरु तथा स्थानीय नागरीकहरुका लागि पुर्‍याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुणासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाइ कार्यले व्यवस्थापन गर्दछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले व्यवस्थित गरेको छ । यसको साथै हालको केही वर्ष यता नेपाल सरकारले कार्यसम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र गाउँ तथा नगरपालिकाको सार्वजनिक सुनुवाइ कार्यलाई पनि एउटा सुचकको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पारेको छ ।

## ३.कार्यक्रमको उद्देश्य :

यस कार्यक्रमको मुख्य उद्देश्य घोराही उपमहानगरपालिकाबाट आ.व २०८०/०८१ को एक वर्ष अवधिमा उपनगरपालिकाकाले नागरीकहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु थियो । त्यस्तै स्थानिय तहबाट उपलब्धहुने वा उपलब्ध गराईएको सेवा, वस्तु र सुविधाका सम्बन्धमा अध्ययन अनुसन्धानबाट देखिएका सवाल/बिषयहरु सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक स्थलमा सेवाग्राही नागरिक तथा सार्वजनिक निकायका जिम्मेवार पदाधिकारी बीच दोहोरो संवाद (पश्न- उत्तर प्रकृया) बाट स्थानिय तहहरुले प्रदान गर्ने सेवा, सुविधा र बस्तुका सम्बन्धमा सेवाग्राही नागरिक प्रति जवाफदेहिता सृजना गरी प्रदत्त सेवा, सुविधा र बस्तुको गुणस्तर कायम गर्न टेवा पुऱ्याउनु तथा समग्रमा पारदर्शिता तथा जवाफदेहिताको माध्यमबाट सुशासनको प्रत्याभूति दिन सार्वजनिक प्रतिबद्धता कार्यान्वयन र अनुगमन गर्ने उद्देश्य रहेको थियो ।

## ५. कार्यक्रम सञ्चालनको स्थान, मिति र समय :

घोराही उपमहानगरपालिका आ.व. २०८०/०८१ को एक वर्ष अवधिमा सम्पादन गरेका कार्यहरुको विषयमा २०८१ साल श्रावन २७ गतेका दिन घोराही उपमहानगरपालिकाको सभाहलमा कार्यक्रम आयोजना गरिएको थियो । बिहानको ११ बजेबाट शुरु भएको यो कार्यक्रम ४ बजे सम्पन्न गरिएको थियो ।

## ६. सार्वजनिक सुनुवाई सञ्चालन विधि :

सार्वजनिक सुनुवाई कार्यविधि २०६७, र सुशासन प्रर्वद्धन रणनीति २०७७ बमोजिम स्थानीय तहहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने र सामाजिक उत्तरदायित्व निर्वाह गर्ने अभिप्रायले घोराही उपमहानगरपालिकाले समाजका लागि सञ्चार पैरवी नेपालसँग सार्वजनिक सुनुवाइ कार्यक्रमको सहजीकरणको सम्झौता गरेको थियो । यस कार्यविधिमा उल्लेख भए बमोजिम सार्वजानिक सुनुवाइ कार्यक्रम गर्नु पूर्व १०० जना सेवाग्राहीहरुसँग नागरीक बर्हिगमन अभिमत र १०० जना सेवाग्राहीसँग नागरीक प्रतिवेदन पत्रको सर्वेक्षण गरिएको थियो । यस विधि कार्यान्वयन घोराही उपमहानगरपालिकाको सम्पुर्ण वडालाई समेट्ने गरी संचालन गरिएको थियो ।

## ७. औपचारीक कार्यक्रम :




घोराही उपमहानगरपालिकाको आयेजनामा तथा समाजका लागि सञ्चार पैरवी नेपाल दाङ्गको प्राविधिक सहयोगमा यहि मिति २०८१ श्रावन २७ गते वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको थियो । घोराही उपमहानगरपालिकाका नगर प्रमुख नरुलाल चौधरीको अध्यक्षता भएको कार्यक्रममा नगर उपप्रमुख हुमा कुमारी डिसी, प्रमुख प्रशासकिय अधिकृत ऋषिराम केसी लगायत सबै वडाका वडा अध्यक्षहरु, महाशाखा/शाखाका प्रमुखहरु, कार्यपालिका सदस्यहरु, वडा सचिवहरु तथा सम्पुर्ण कर्मचारीहरुको उपस्थिती रहेको थियो । त्यस्तै कार्यक्रममा घोराही उपमहानगरपालिकाबाट सेवा लिएका सेवाग्राहीहरु, टोल विकास संस्थाका प्रतिनिधिहरु, विभिन्न नागरीक समाज संस्थाका प्रतिनिधिहरु, विद्यार्थी, शिक्षक लगायत घोराहीवासीहरु गरी २९३ जनाको सहभागीता रहेको थियो ।

यस सार्वजनिक सुनुवाईको कार्यक्रममा राष्ट्रिय गानबाट कार्यक्रमको उद्‌घाटन गरिएको थियो । घोराही उपमहानगरपालिकाका सूचना अधिकारी भिम बहादुर चौधरीको स्वागत मन्तब्य सँगै एक वर्ष भित्र सम्पन्न गरिएका कामहरुको प्रगती प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी सबै वडाका वडा सचिवहरुले आ.व. ८०।०८१ भित्र सम्पादन गरेका कार्यहरुको प्रगती विवरण प्रस्तुत गरेका थिए । त्यस्तै समाजका लागि सञ्चार पैरवी नेपालको तर्फबाट आ.व. २०८०।०८१ को एक वर्ष अवधिमा सेवा लिएका सेवाग्राहीहरु सँग लिएको सर्वेक्षण मतको प्रतिवेदन प्रस्तुतिकरण तथा कार्यक्रमको सहजिकरण समाजका लागि सञ्चार पैरवी नेपाल दाङका कार्यक्रम संयोजक छवी पुरीले गर्नुभएको थियो ।

यहाँ प्रस्तुत कार्यक्रमको क्रममा उठाइएका सवालहरू र गुनासाहरूको जवाफ दिँदै, नगरप्रमुख चौधरीले सम्पूर्ण समस्याहरूलाई एकैपटक समाधान गर्न नसकिए पनि क्रमबद्ध रूपमा तिनलाई सम्बोधन गर्दै आएको कुरा स्पष्ट पार्नुभयो । उहाँले कतिपय प्रश्नहरू नगर र वडासँग सम्बन्धित भएको र केही प्रश्नहरू प्रदेश र संघ सरकारसँग सम्बन्धित भएकोले, तिनलाई सम्बोधन गर्न प्रदेश र संघ सरकारसँग समन्वय र सहकार्य गरी योजना निर्माण भइरहेको कुरा पनि बताउनुभयो। कार्यक्रममा उठाइएका सवालहरूलाई क्रमशः नगरस्तरबाट सम्बोधन गर्दै जाने र आगामी दिनमा नगरपालिकाको कामलाई थप पारदशी, जवाफदेही र प्रभावकारी बनाउन प्रतिबद्धता व्यक्त गर्नुभयो। साथै, सरल र सहज सेवाहरूको विस्तार गर्ने उद्देश्यलाई पनि अघि बढाइने प्रतिवद्धता उहाँले व्यक्त गर्नुभयो ।

घोराही उपमहानगरपालिकाले गरेका सम्बोधनहरूलाई निम्न अनुसार बुलेट बिन्दुहरूमा प्रस्तुत गर्न सकिन्छ ।

**सार्वजनिक सेवाहरूको सुधार :** उपमहानगरपालिकाले सार्वजनिक सेवाहरूलाई सरल, सहज, र प्रभावकारी बनाउँदै आएको छ ।



**परियोजनाहरूको प्राथमिकता :** सबै समस्याहरू एकैपटक समाधान गर्न नसकिए पनि, क्रमबद्ध रूपमा परियोजनाहरूको प्राथमिकता निर्धारण गरी सम्बोधन गर्ने कार्य भइरहेको छ ।

**समन्वय र सहकार्य :** प्रदेश र संघ सरकारसँग आवश्यक समन्वय र सहकार्य गरी नगरस्तरीय योजनाहरूको निर्माण र कार्यान्वयन गरिएको छ ।

**परिवर्तनशील योजना :** जनगुनासाहरूलाई सम्बोधन गर्न र नगरपालिकाको कामलाई थप पारदर्शी र जवाफदेही बनाउन निरन्तर प्रयास गरिँदै आएको छ ।

**स्थानीय विकास :** स्थानीय स्तरमा उठेका सवालहरूलाई क्रमशः सम्बोधन गर्दै नगरस्तरबाट विकासका कार्यहरू अगाडि बढाइएको छ ।

**पार्किङ व्यवस्थापन :** नगरस्तरमा पार्किङको समस्या समाधान गर्न उपमहानगरपालिकाले विशेष योजनाहरू कार्यान्वयन गरिरहेको छ ।

**पर्यावरण संरक्षण :** नगरपालिकाले वातावरण प्रदूषण नियन्त्रण गर्न विभिन्न उपायहरू अवलम्बन गर्दै आएको छ, जसले कृषिमा हुने नकारात्मक प्रभावलाई घटाउन मद्दत पुर्‍याएको छ ।

**कृषि विकास :** कृषकहरूलाई आधुनिक कृषि उपकरणहरूको वितरण गरी उत्पादनशीलता बढाउन र कृषि विकासलाई प्रवर्द्धन गर्न कदम चालिएको छ ।

**स्वास्थ्य सेवा :** नगरस्तरमा स्वास्थ्य सेवाहरूको पहुँच वृद्धि गरी सर्वसाधारणलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने प्रयास गरिएको छ ।

**शिक्षा प्रवर्द्धन :** उपमहानगरपालिकाले विद्यालयहरूमा स्थानीय संस्कृति प्रवर्द्धन गर्न र विद्यार्थीहरूलाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

**वरिष्ठ नागरिक समर्थन :** वरिष्ठ नागरिकहरूको जीवनस्तर सुधार गर्नका लागि विभिन्न सेवा र सुविधाहरू उपलब्ध गराइएको छ ।

**खेलकुद प्रवर्द्धन :** नगरपालिकाले खेलकुद क्षेत्रको विकासमा विशेष ध्यान दिँदै, खेलकुद प्रतियोगिताहरू र प्रशिक्षण कार्यक्रमहरूको आयोजन गरेको छ ।

**पर्यटन प्रवर्द्धन :** घोराही उपमहानगरपालिकाले कृत्रिम जलाशयहरूलाई पर्यटक स्थलको रूपमा विकास गर्दै पर्यटनलाई प्रोत्साहन गर्ने प्रयास गरिरहेको छ ।

**विकास परियोजनाहरूको गति :** विकास परियोजनाहरूको कार्यान्वयनलाई तीव्रता दिँदै समयमै सम्पन्न गर्न नगरपालिकाले विशेष ध्यान दिएको छ ।

**सरकारी कार्यक्रमहरूको अनुगमन :** नगरपालिकाले सरकारी कार्यक्रमहरूको प्रभावकारी अनुगमन गर्दै तिनको सफलता सुनिश्चित गर्न ध्यान केन्द्रित गरेको छ ।

## ९. उठेका प्रश्न र जिज्ञासा र उत्तर :

मितिः २०८१।०४।२७

| क.सं. | प्रश्नकर्ताको नाम, थर, ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफदिने पदाधिकारीको नाम, थर, ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | प्रसिका स्वर्णकार<br>मदन भण्डारी स्कुल | समय व्यवस्थापनमा जनप्रतिनिधिको ध्यान पुनेन । | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | अबका दिनमा निर्धारित समयमा  निर्धारित काम हुने । |
| २ | निमानन्द गैरे<br>जनबिहानी टोल | कर्मचारीको व्यवहारमा सुधार गर्ने के भईरहेको छ ? | नरुलाल चौधरी<br>नगरप्रमुख | कर्मचारीको क्षमता विकासका कार्यक्रम जारी रहेको छ। सेवाग्राहीमैत्री बोली र व्यहार तथा सेवा प्रवाहमा सजग र सचेत छौं । |
| ३ | बिमल भण्डारी<br>घोराही १७ | सरसफाईको काममा किन ढिलाई भईरहेको छ ? | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | बजार क्षेत्र र ग्रामीण क्षेत्रमा नियमित सरसफाईको तालिका बनेको छ। यसमा समस्या भएको भए सुधार हुनेछ । |
| ४ | टंक सुनार<br>घोराही ४ | शिक्षाको नतिजा सुधार्न के योजना बनेको छ ? | नरुलाल चौधरी<br>नगरप्रमुख<br>नारायण पौडेल<br>शिक्षा अधिकृत | पालिकाभरका सबै प्रअहरुको बैठक बसेर समस्या पहिचानसँगै अबको योजना बनाउने काम भईरहेको छ। देखा परेका समस्या चिरेर नतिजा सुधार गर्ने गरी काम हुन लागेको छ। |
| ५ | जीतबहादुर केसी<br>घोराही ५ | कृषि प्रवर्द्धनका कार्यक्रममा ध्यान अझै पुगेन । | नरुलाल चौधरी<br>नगरप्रमुख | |

| | | | | |
|---|---|---|---|---|
| ६ | सुन्दरबहादुर बस्नेत<br>घोराही १० | स्थानीय कुलाले कटान गरेर हैरान बनायो । | ऋषिराम केसी<br>प्रमुख प्रशासकीय<br>अधिकृत<br><br>नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय<br>अधिकृत | अनुदानमा भन्दा अब प्रतिफलमा पालिकाले ध्यान दिएको छ । वास्तविक किसान प्रोत्साहन गर्ने हाम्रो लक्ष्य हो ।<br><br>वर्खायाममा तत्काल अस्थायी रुपमा रोकथामको प्रयास विपद व्यवस्थापन समितिले गरिरहेको । पछि दीर्घकालीन समस्या समाधान गर्नेगरी मर्मतको काम हुन्छ । |
| ७ | बिना खनाल<br>महिला स्वास्थ्य<br>स्वयम्सेविका | महिला स्वास्थ्य स्वयम्सेविकको कामको मुल्यांकन भएन । | नरुलाल चौधरी<br>नगरप्रमुख<br><br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय<br>अधिकृत | पालिकाभरका स्वयम्सेविकाहरुको कामको मुल्यांकन भईरहेको छ । स्वास्थ्य सूचक सुधारको आधारका रुपमा रहेका स्वयम्सेविकाहरुको बारेमा पालिका सदैब सकारात्मक छ । |
| ८ | मनोज पाण्डे<br>घोराही १८ | कर तिरियो तर फोहोर उठेन, किन ? | नरुलाल चौधरी<br>नगरप्रमुख | कहिलेकाँही प्राविधिक कारणले समस्या भएको हुन सक्छ । सुधार हुनेछ । |
| ९ | प्रितम पाण्डे<br>ॐकार टोल | व्यवसाय, पूर्वाधारलगायतको प्रभावकारी अनुगमन चाहियो । | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी | शाखामार्फत नियमित अनुगमन, निरिक्षण हुने गरेको छ । कहीकतै ढिलाई भएको भए सुधार गरेर काम हुनेछ । |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रमुख प्रशासकीय अधिकृत | |
| १० | मुक्तिराम भुसाल<br>उन्नतिनगर टोल १५ | टोलको सिफारिस अनुसार कामको प्राथमिकता बनाउन के गर्नुपर्छ ? | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | स्वच्छ, सुन्दर र हरित शहरको परिकल्पना घोराहीको हो । यसका लागि प्रकृयागत रुपमा काम भईरहेको छ । |
| ११ | टेकबहादुर खड्का<br>घोराही १० सयपत्री टोल | विद्यालयमा सूचीकृत पुस्तक कार्यान्वयन किन हुन सकेन ? | नरुलाल चौधरी<br>नगरप्रमुख<br><br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | सामुदायिक विद्यालयमा सरकारले जारी गरेको पाठ्यक्रम अनुसार काम भईरहेको छ । संस्थागत विद्यालयमा पनि यसको सुधारको प्रयास जारी छ । |
| १२ | उमेश थापा<br>घोराही | पूर्वाधारको काम गर्दा भविष्यको बारेमा सोचेर काम गर्न आग्रह । | नरुलाल चौधरी<br>नगरप्रमुख<br><br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | निर्माण गरिने जति पनि पूर्वाधारका काम छन् । त्यसलाई भोलिका दिनमा बहुआयामिक रुपमा प्रयोग गर्न सकियोस् भनेर ध्यान दिईएको छ । |
| १३ | पुष्पा कवर<br>गंगा मावि रामपुर | विद्यालयको भौतिक सुधारमा ध्यान दिन आग्रह । | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | विद्यालय सुधारका धेरै योजना कार्यान्वयनमा आएका छन् । जसमध्ये विद्यालयको पूर्वाधार सुधारपनि एक हो । त्यहाँ समस्या भए तत्काल सुधार हुनेछ । |

| | | | | |
|---|---|---|---|---|
| १४ | सविना केसी<br>घोराही १८ सालघारी | फोहोर व्यवस्थापन प्रभावकारी बनाउन आग्रह । | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | यो नियमित प्रकृया हो । समस्या भए तत्काल जानकारी गराउनुहोला, हामी सुधार गर्छौं । |
| १५ | नवराज श्रेष्ठ<br>घोराही १५ भीमसेन टोल | बजार क्षेत्रको सवारी दुर्घटना रोक्ने उपाय के छ ? | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | बढ्दो जनसंख्या र बजारीकरणमा सवारी दुर्घटना रोकथाम चुनौतिपूर्ण छ । यसका लागि सरोकारवालासँग सहकार्य गरेर सडक सचेतनासँगै पूर्वाधार निर्माणको काम भईरहेको छ । |
| १६ | भीमबहादुर खड्का<br>घोराही ९ | लो भोल्टेज विद्युतले हैरानी बनायो । | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | विद्युत कार्यालयसँग यो विषयमा कुरा भएको छ । चाँडै सुधार हुनेछ । |
| १७ | नरबहादुर बुढाथोकी<br>घोराही १४ सभागृह टोल | बजारको सौन्दर्य कायम राख्न आग्रह । | नरुलाल चौधरी<br>नगरप्रमुख | आधुनिक सहरको परिकल्पना पूरा गर्न सुन्दर सहर पालिकाको लक्ष्य हो । यसका लागि नीतिगत रुपमा मात्रै होईन, योजनावद्ध रुपमा काम भईरहेको छ । |
| १८ | पूर्णबहादुर वली<br>घोराही ५ फूलबारी टोल | बाटो भत्कियो, बजेट कहिले आउँछ ? | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | बर्खाले तत्काल काम गर्न नमिलेको हो । बर्खा सकिएलगत्तै काम हुनेछ । बजेट सुनिश्चित भएको छ । |
| १९ | दलबहादुर नेपाली<br>घोराही ५ दलजीतपुर | नमूना विद्यालयमा शिक्षक आपूर्ति किन भएन ? | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी | एक वडा एक नमूना विद्यालयको अभियान अनुसार काम भईरहेको छ । उपलब्ध साधन श्रोतसँगै पालिकाको योजना अनुसार काम अघि बढेको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रमुख प्रशासकीय अधिकृत | |
| २० | पूर्णबहादुर मल्ल<br>घोराही १८ मसिना | प्लाष्टिकजन्य फोहोर व्यवस्थापनमा ध्यान दिन आग्रह । | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | प्लाष्टिकमुक्त शहर बनाउने अभियानमा नगरबासीको पनि साथ चाहिएको छ । यसका लागि सभ्य नागरिकको परिचय दिन नगरबासी पनि अग्रसर हुनुपर्छ । |
| २१ | विष्णुकुमारी भुसाल<br>घोराही, १३ | खानेपानीको सहज आपूर्ति गर्न आग्रह । | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | अल्पकालीन रुपमा कहीँकतै समस्या भएको हुनसक्छ । कारण बुझेर समस्या समाधान गरिनेछ । |
| २२ | सुमन चौधरी<br>मदनभण्डारी स्कुल | विद्यार्थीलाई छात्रवृत्तिमा सहज पहुँच पुगेन । | नरुलाल चौधरी<br>नगरप्रमुख<br>नारायण पौडेल शिक्षा अधिकृत | यो वर्षदेखि कक्षा ११ बाट हरेक विद्यालयमा छात्रवृत्तिको कार्यक्रम कार्यान्वयमा आएको छ । तल्लो तहमा पनि यसको सुधारसँगै कार्यान्वयनको काम अघि बढेको छ । छात्रवृत्ति कार्यान्वयन गर्नु पालिकाको दायित्व हो । |
| २३ | धना केसी<br>घोराही १५ | महिला स्वयम्सेविकाको बारेमा पालिकाले बोलोस् । | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | उचित मुल्यांकन हुनेछ । तीन तहका सरकारबाट विद्यमान सेवा सुविधासँगै प्रोत्साहनको प्रयास जारी छ । |
| २४ | लोकबहादुर वली<br>घोराही ७ | सामाजिक सुरक्षा भत्ता वितरण वडाबाट गर्न आग्रह । | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी | सामाजिक सुरक्षा भत्ता व्यवस्थापन गर्न सक्दो प्रयास जारी छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रमुख प्रशासकीय अधिकृत | |
| २५ | एकराज खनाल<br>घोराही १४<br>रामजानकी टोल | बजार क्षेत्रको सडक सौन्दर्यमा ध्यान दिन सुझाव । | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | नगरबासी, टोलबासीको सहयोगमा सफा, सुन्दर र सभ्य शहर बनाउन कोशिस जारी छ । |
| २६ | लोकबहादुर केसी<br>घोराही ३ | सिंचाईको सहज व्यवस्था गर्न माग । | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | बाह्रै महिना सिंचाई सुविधा पुर्याउन डिप बोरिङ, कृत्रिम जलाशयको काम भएको छ । यसलाई अब कृषक र कृषिसँग जोड्ने भईरहेको छ । |
| २७ | लोककला केसी<br>घोराही १० | नारायणपुर बजार क्षेत्रको सौन्दर्यता कायम राख्न ध्यानाकर्षण । | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | नारायणपुर बजार क्षेत्र भोलिको भव्य शहर हो । यसका लागि आवश्यक योजनासहित काम भईरहेको छ । |
| २८ | नीमप्रसाद चौधरी<br>घोराही ८ | थारु भाषा लीपिमा उतारेर कार्यान्वन गर्न माग । | नरुलाल चौधरी<br>नगरप्रमुख<br>ऋषिराम केसी<br>प्रमुख प्रशासकीय अधिकृत | पालिकाले सरकारी कामकाजको भाषाका रुपमा थारु भाषा कार्यानवयनमा ल्याएको छ । भोलिका दिनमा पालिकाका हरेक दस्तावेज पनि थारु भाषाकै लीपिमा राख्ने कोशिस हुनेछ । |

## १०. सार्वजनिक प्रतिबद्धता सार्वजनिकिकरण

यस सार्वजनिक सुनुवाइको अन्तिममा सम्पुर्ण घोराही उपमहानगरपालिकाका नागरीकहरुको समस्या तथा सवालहरुलाई सम्बोधन गर्न र स्थानिय तहमा नागरीकहरुलाई सुशासनको प्रत्याभुती गराउन सार्वजनिक प्रतिबद्धता सार्वजनिकिकरण गरेको छ ।

## ११. कार्यक्रमको समापन

यस घोराही उपमहानगरापलिकाको आ.व ०८०/०८१ को वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम नगर प्रमुख नरुलालल चौधरीको अध्यक्षतामा सम्पन्न भएको थियो । सार्वजनिक सुनुवाइको जवाफदेही बक्ताको रुपमा नगर प्रमुख नरुलाल चौधरी, नगर उप्रमुख हुमा डिसी, प्रमुख प्रशासकिय अधिकृत ऋषिराम केसी, वडा अध्यक्षहरु, वडा सचिव तथा महाशाखा, शाखाका प्रमुखहरुको सहभागीता रहेको थियो । त्यस्तै कार्यक्रममा विभिन्न सार्वजनिक निकायका सरोकारवालाहरु, शिक्षक, विद्यार्थी, नागरीक समाज संघसंस्था, उद्योगी, व्यावसायी, टोल विकास संस्था, उपभोक्ता समितिका पदाधिकारी, विकास साझेदार निकाय तथा गैससका प्रतिनिधि, उद्योग वाणीज्य संघ, नेपाल पत्रकार महासंघ, आम उपभोक्ता र सर्वसाधरण नागरिक गरी २९३ जनाको सहभागिता रहेको थियो ।

यस अवसरमा विभिन्न सेवाग्राही नागरीकहरुले आ-आफ्नो गुणासो तथा प्रतिक्रिया राख्नु भएको थियो । सार्वजनिक सुनुवाइमा उठेका नागरीकहरुका गुणासा तथा समस्याहरुको बारेमा नगर नरुलाल चौधरी, नगर उप्रमुख हुमा डिसी, प्रमुख प्रशासकिय अधिकृत ऋषिराम केसी, महाशाखा/शाखाका प्रमुखहरु, वडा अध्यक्षहरु लगायतले सम्बोधन तथा व्यवस्थापन गर्नुभएको थियो ।

यस सार्वजनिक सुनुवाइको क्रममा बोल्दै नगरप्रमुख नरुलाल चौधरीले घोराही उपमहानगरको सेवाप्रवाहलाई प्रभावकारी ढंगले सञ्चालन गर्न र विभिन्न योजनाहरूलाई पारदशी रूपमा प्रस्तुत गर्न आफू प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले सेवाप्रवाहमा समस्या उत्पन्न गराउने विभिन्न विकृतीहरूको कारणले यसलाई सुसंगत ढंगले व्यवस्थापन गर्न नियमित सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गर्ने योजना रहेको उल्लेख गर्नुभयो । यस सार्वजनिक सुनुवाइ कार्यक्रममा कार्यालय भित्र पारदर्शिता, जवाफदेहीता, र कर्मचारी र जनप्रतिनिधिहरूलाई जनताप्रति उत्तरदायी बनाउनुपर्ने निष्कर्ष प्राप्त भएको छ । हरेक विकास र निर्माण कार्यलाई गुणस्तरीय बनाउँदै नागरिकहरूको सहभागीता वृद्धि गर्दै सूचनाको पहुँचमा पुर्याउनुपर्ने आवश्यक रहेको देखिएको छ । त्यस्तै, सेवाग्राहीहरूको नागरिक वडापत्रको बारेमा जानकारीको अभावका कारण सेवाहरूलाई प्रभावकारी, छिटो, र छरितो बनाउन र विकास पूर्वाधार, स्वास्थ्य, र सरसफाइका कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्ने आवश्यकता देखिएको छ । यस प्रतिवेदनमा प्रस्तुत नतिजाअनुसार, यस कार्यालयले योजना र कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । नेपालको संविधानमा उल्लेखित हक र अधिकारहरूको प्रत्याभूति गर्दै पालिकालाई अझ नागरिक मैत्री बनाउन जोड दिन र नागरिकका आवश्यकताहरू पहिचान गर्दै योजना र कार्यक्रमहरू निर्माण गर्नुपर्ने निष्कर्षमा प्रतिवेदन पुगेको छ ।

## १०. फोटोहरु



सार्वजनिक सुनुवाइ कार्यक्रम






"घोराही उप-महानगरपालिकाको योजना, कार्यक्रम, बजेट तथा
सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता सम्बन्धमा"
आ.व २०८०/०८१ नगरस्तरीय वार्षिक
सार्वजनिक सुनुवाइ कार्यक्रम
मिति : २०८१ श्रावण २७ गते
स्थान: घोराही उपमहानगरपालिका सभा हल
आयोजक
घोराही उपमहानगरपालिका
घोराही, दाङ
सहजिकरण
समाजका लागी सञ्चार पैरवी नेपाल
घोराही उपमहानगरपालिका


